आज मिति २०७१।३।३० गते (१४ जुलाई, २०१४) सोमबारका दिन वन तथा भू-संरक्षण मन्त्रालयका सचिव डा. श्री गणेश राज जोशीज्यूको अध्यक्षतामा रेड कार्य समूहको बैठक यस कार्यालयको सभा कक्षमा समय बेलुकी ५:१५ बजे तपशिलका महानुभावहरूको उपस्थितिमा सम्पन्न भई तपशिलका निर्णय गरियो।

## रेड कार्यसमूह सदस्यहरूको उपस्थिति

- डा. गणेश राज जोशी, सचिव, वन तथा भू-संरक्षण मन्त्रालय
- श्री विश्वनाथ ओली, महानिर्देशक, वन विभाग
- श्री रमेश शाक्य, महानिर्देशक, वन अनुसन्धान तथा सर्वेक्षण विभाग
- श्री मेघ बहादुर पाण्डे, महानिर्देशक, रा.नि. तथा वन्यजन्तु संरक्षण विभाग
- श्री विद्या पाण्डे, उप-सचिव, कृषि विकास मन्त्रालय
- श्री रामहरि पन्थ, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय
- श्री नोखिराम ओली, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
- श्री विर्ख बहादुर शाही, वन उपभोक्ता महासंघ नेपाल
- श्री पासाङ डोल्मा शेर्पा, नेपाल आदिवासी जनजाति महासंघ
- श्री रेशम बहादुर डाँगी, प्रमुख, रेड सेल
- श्री कल्प मोहन सोती, उर्जा मन्त्रालय

## आमन्त्रित

- श्री विष्णु हरि अधिकारी, Procurement Consultant, REDD Cell
- श्री कमला थापा, NEFIN
- श्री सुशील भण्डारी, उप-सचिव, रेड सेल / वन मन्त्रालय
- श्री श्रीकृष्ण गौतम, उप-सचिव, रेड सेल / DFRS
- श्री निर्मला सिंह भण्डारी, स.व.अ. / रेड सेल

बैठकको प्रस्ताव तथा निर्णय :

(१) यसै साथ संलग्न राखिएको छ।

रेड कार्य समुह बैठक, मितिः २०७१/०३/३०

**प्रस्तावहरु**

1. Review on progress status of the last REDD Working Group Meeting decisions
2. Progress update of current FY ( 2070/71)
3. Proposed key activities for the next FY ( 2071/72)
4. Opportunities for Additional Funding
5. Call for action

**निर्णयहरु :**

१) प्रस्ताव नं १ को सम्बन्धमा अघिल्लो बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको स्थिति बारे जानकारी भयो ।

२) रेड एकाईबाट आ.व २०७०।७१ मा सञ्चालन भएका मुख्य कार्यक्रमहरु र तिनको कार्यान्वयनमा देखिएका चुनौतिहरु बारे जानकारी भयो ।

३) प्रस्तावित कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनको लागि व्यवस्थापन हुनुपर्ने विषयवस्तुहरु बारे छलफछ भयो । यसमा मुख्यतया पूर्णकालीन कर्मचारीहरुको व्यवस्था, कम्तिमा दुई वर्ष काम गर्नुपर्ने प्रावधान, कर्मचारीको क्षमता अभिवृद्धि, राष्ट्रिय रेड रणनिति तयारी प्रक्रियामा वरिष्ठ वन कर्मचारीहरुको संलग्नताका विषयमा छलफल गरियो । राष्ट्रिय रेड सम्पर्क व्यक्तिको छनोट गरी सम्बधित निकायलाई जानकारी गराउन आवश्यक पहल गर्ने बारे समेत छलफल भयो ।

४) आगामी आ.व मा नेपालबाट तयार गनुपर्ने ERPD प्रतिवेदनको लागि एकाईका प्रमुखको नेतृत्वमा वनविभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, वन अनुसन्धान तथा सर्वेक्षण विभाग तथा अन्य मन्त्रालयबाट समेत उपयुक्त प्रतिनिधित्व गराउने र नागरिक समाज,अनुसन्धानमा संलग्न निकाय,दातृ संस्था, सहयोगी संस्थाहरुको समेत प्रतिनिधित्व हुने गरी एउटा प्रतिवेदन मस्यौद्रा समिति रेड सेलले प्रस्ताव गरी ~~आगामि रेड कार्य समुहको बैठकमा~~ स्वीकृतीको लागि पेश गर्ने निर्णय गरियो ।